


वर्ष ४६ | अङ्क ७ | चैत २०७८ | मार्च-अप्रिल २०२२

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक



नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले भर्चुअल पत्रकार सम्मेलनमार्फत फागुन ५ गते अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको हो।

बाह्य क्षेत्र र तरलतामा देखिएको विद्यमान चापको स्थितिलाई दृष्टिगत गर्दै बाह्य क्षेत्र स्थायित्वसहित समष्टिगत आर्थिक स्थायित्व कायम राख्नेतर्फ मौद्रिक व्यवस्थापनलाई परिलक्षित गरिने समीक्षामा उल्लेख छ। समीक्षामा भनिएको छ, 'बाह्य क्षेत्रमा देखापरेको असन्तुलनलाई मध्यनजर गर्दै कोभिड-१९ महामारीको असाधारण परिस्थितिका कारण प्रभावित अर्थतन्त्रको पुनरुत्थानलाई सहजीकरण गर्न अवलम्बन गरिएका पुनरकर्जालगायतका अन्य नियामकीय सुविधालाई क्रमशः कम गर्दै यस्ता सुविधाहरूलाई कोभिड संक्रमणबाट अति प्रभावित भई पुनरुत्थान हुन बाँकी रहेका क्षेत्रतर्फ मात्र केन्द्रित गरिनेछ।' साथै आन्तरिक तथा बाह्य क्षेत्र सन्तुलनलाई सुदृढ बनाउन वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा प्रवाह गराउने दिशामा जोड दिइने समीक्षामा उल्लेख छ।

### मौद्रिक तथा वित्तीय उपाय

मौद्रिक नीतिको कार्यदिशाको सङ्केतको रूपमा बैंकदरलाई विद्यमान पाँच प्रतिशतबाट सात प्रतिशत कायम गरिएको छ। ब्याजदर करिडोरसँग सम्बन्धित स्थायी तरलता सुविधा दर सात प्रतिशत, नीतिगत रिपो दर ५.५ प्रतिशत र निक्षेप सङ्कलन दर चार प्रतिशत कायम गरिएको छ। विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई भने यथावत राखिएको छ।

अर्धवार्षिक समीक्षाअनुसार नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको असल कर्जाको धितोमा प्रदान गरिने पुनरकर्जा सुविधाअन्तर्गत सम्बन्धित ग्राहकबाट लिन पाउने अधिकतम ब्याजदर सात प्रतिशत कायम गरिनेछ। बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने विभिन्न प्रकृतिका कर्जामध्ये उत्पादनशील क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदर अन्य क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदरभन्दा कम हुने गरी फरक पार्ने सम्बन्धमा अध्ययन गरिने समीक्षामा उल्लेख छ। 'यो व्यवस्था आगामी त्रयमासदेखि कुनै एक क्षेत्रबाट नमूनाको रूपमा कार्यान्वयनमा ल्याइनेछ।' समीक्षामा लेखिएको छ।


बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको ट्रष्ट रिसिटलगायतका आयात कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, जग्गा प्लटिङसम्बन्धी रियल इस्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा तथा मार्जिन प्रकृतिको कर्जाको जोखिम भारमा पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ। साथै, पूर्वाधार विकास बैंकले समेत ऊर्जा

ऋणपत्र जारी गर्नसक्ने व्यवस्था मिलाइने समीक्षामा जनाइएको छ ।

अर्धवार्षिक समीक्षाअनुसार कोभिड-१९ को प्रभावलाई मध्यनजर गरी वाणिज्य बैंकले आ-आफ्नो विशेषज्ञताको आधारमा तोकिएका क्षेत्रअन्तर्गतका कृषि, ऊर्जा तथा लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको सीमासम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ । यसै गरी, भारतबाट क्रेडिट सुविधामा वस्तु आयात गर्न सकिने विद्यमान व्यवस्था, गैरआवासीय नेपालीको नाममा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सकिने व्यवस्था तथा विप्रेषण कम्पनीले आफ्ना एजेन्ट र सब-एजेन्टमार्फत स्वदेशभित्र गर्ने रकम स्थानान्तरणको सीमालाई पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ ।

### राष्ट्रिय आर्थिक तथा मौद्रिक परिदृष्य

चालु आर्थिक वर्षको पहिलो महिनादेखि नै बाह्य क्षेत्रतर्फ भुक्तानी सन्तुलन घाटामा गएको र साधन परिचालनको तुलनामा




कर्जा माग उच्च रहेका कारण बैंकिङ क्षेत्रको तरलतामा दबाब परेको समीक्षामा जनाइएको छ । कर्जा विस्तारको ठूलो अंश आयाततर्फ केन्द्रित भई शोधनान्तर घाटा बढ्दो र विदेशी विनिमय सञ्चिति घट्दो क्रममा रहँदासम्म तरलतामा चापको स्थिति कायमै रहने अनुमान बैंकले गरेको छ ।


निजीक्षेत्रतर्फको बैंक कर्जामा भएको तीव्र विस्तार र सम्पत्तिको मूल्यमा आएको बढोत्तरीका कारण समग्र माग विस्तार भएकोले बाह्य क्षेत्रतर्फ आयात र व्यापार घाटा उच्च दरले वृद्धि भएको समीक्षामा जनाइएको छ । विप्रेषण आप्रवाहमा सङ्कुचन आएको र विदेशी मुद्रा आर्जनको स्रोत फराकिलो हुन समय लाग्ने देखिएकोले बाह्य क्षेत्रमा विद्यमान दबाबको स्थिति अझै केही समयसम्म रहने बैंकको अनुमान छ ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्य वृद्धिसँगै चालु आर्थिक वर्ष स्थानीय तहको निर्वाचन हुन गइरहेको सन्दर्भमा आन्तरिक माग थप बढ्न गई मुद्रास्फीतिमा चाप पर्न सक्ने आँकलन गरिएको छ । बैंकले हालै गरेको मुद्रास्फीति अपेक्षा सर्वेक्षणले पनि मुद्रास्फीतिमा पर्न सक्ने चापलाई सङ्केत गरेको समीक्षामा उल्लेख छ ।

## चौथो रणनीतिक योजना कार्यान्वयनमा

नेपाल राष्ट्र बैंकले 'चौथो रणनीतिक योजना (२०२२-२०२६)' कार्यान्वयनमा ल्याएको छ । बैंक सञ्चालक समितिको गत माघ २७ गते बसेको बैठकले उक्त योजना स्वीकृत गरेको हो ।

योजनामा 'उत्तरदायी, दक्ष, गतिशील र विश्वसनीय केन्द्रीय बैंक' लाई रणनीतिक योजनाको दूरदृष्टि बनाइएको छ । दिगो र समावेशी आर्थिक विकासको निम्ति प्रभावकारी मौद्रिक, विदेशी विनिमय, वित्तीय क्षेत्र र भुक्तानी प्रणालीसम्बन्धी नीतिका माध्यमबाट समष्टिगत आर्थिक र वित्तीय स्थायित्व हासिल गर्ने लक्ष्य योजनाले लिएको छ । उक्त लक्ष्य प्राप्तिका निम्ति पाँच वटा रणनीतिक दिशा निर्दिष्ट गरिएको छ । समष्टिगत आर्थिक स्थायित्व, लचिलो र समावेशी वित्तीय प्रणाली, विद्युतीय वित्तीय पर्यावरण, पुनरुत्थान र सङ्कट व्यवस्थापन तथा साङ्गठनिक प्रभावकारिता र सुमधुर सम्बन्ध विकासलाई रणनीतिक दिशाको रूपमा अवलम्बन गरिएको हो । कोभिड-१९ को संक्रमणबाट अर्थतन्त्र र वित्तीय प्रणालीमा परेको असर न्यूनीकरण गर्ने




कार्यलाई योजनामा प्राथमिकता दिइएको छ ।

रणनीतिक योजना कार्यान्वयनका निम्ति सात वटा रणनीतिक स्तम्भहरू तय गरिएका छन् । जसमा (१) आर्थिक अनुसन्धान र मौद्रिक व्यवस्थापन (२) नियमन र सुपरिवेक्षण (३) बाह्य क्षेत्र व्यवस्थापन (४) भुक्तानी प्रणाली र मुद्रा व्यवस्थापन (५) सुशासन, साङ्गठनिक विकास र प्रतिभा व्यवस्थापन (६) पूर्वाधार विकास र व्यवसाय निरन्तरता (७) सहकार्य र समन्वय छन् ।

उक्त योजना तयारीका निम्ति सञ्चालक रामजी रेग्मीको संयोजकत्वमा चार सदस्यीय रणनीतिक योजना तर्जुमा समिति गठन गरिएको थियो । समितिमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र सदस्य तथा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी सदस्य-सचिव हुनुहुन्थ्यो ।

बैंकमा यसअघि पहिलो रणनीतिक योजना (२००६-२०१०), दोस्रो रणनीतिक योजना (२०१२-२०१६) र तेस्रो रणनीतिक योजना (२०१७-२०२१) कार्यान्वयन भइसकेका छन् । हालसम्म ती योजनाको क्रमशः ८५, ७८ र ७१ प्रतिशत प्रगति हासिल भएको जनाइएको छ ।

# एकीकृत निर्देशन, २०७८ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' मा संशोधन तथा परिमार्जन गरेको छ । मौद्रिक नीतिको अर्धवार्षिक समीक्षालाई कार्यान्वयन गर्नेगरी बैंकले निर्देशनमा संशोधन गरेको हो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले फागुन ११ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधनमार्फत व्यक्तिगत ओभरड्राफ्ट, हायर पर्चेज, सवारी साधन, घर जग्गा र सेयर धितोमा दिइने कर्जाको जोखिमभार १५० प्रतिशत कायम गरिएको छ । साथै, ट्रष्ट रिसिट कर्जाको जोखिमभार १२० प्रतिशत निर्धारण गरिएको छ ।

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) लाई पाँचबाट सात प्रतिशत कायम गरिएको छ । यस्तै, स्थायी तरलता सुविधा दर सात, निक्षेप सङ्कलन दर चार र रिपो दरलाई ५.५ प्रतिशत कायम गरिएको छ । जुन यसअघि क्रमशः पाँच, दुई र ३.५ प्रतिशत तोकिएको थियो ।

कुनै बैंक तथा वित्तीय संस्थाको एक प्रतिशत वा सोभन्दा बढी संस्थापक सेयर धारण गरेका सेयरधनीले सो संस्थाबाहेक अन्य संस्थाको संस्थापक सेयर खरिद/बिक्री गर्नुपूर्व राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ। साथै बैंक तथा वित्तीय संस्थालाई कर्जा नोक्सानी व्यवस्था गरेर मात्रै वित्तीय विवरण प्रकाशन गर्न निर्देशन दिइएको छ ।

पछिल्लो संशोधनअनुसार वाणिज्य बैंकले २०८२ असार मसान्तसम्म न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने छ । यसै गरी, सोही अवधिसम्म ऊर्जा क्षेत्र र लघु, घरेलु साना एवम् मझौला उद्यम क्षेत्रमा क्रमशः १० र १५ प्रतिशत कर्जा प्रवाह गर्नसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ ।

यसैबीच, नेपाल राष्ट्र बैंकले सम्बन्धित निकायको स्वीकृतिमा पूर्वाधार विकास बैंकले पनि ऊर्जा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था गरेको छ । पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशनमा संशोधन गर्दै बैंकले उक्त व्यवस्था गरेको हो । त्यसरी ऊर्जा ऋणपत्र जारी गरी सङ्कलन गरिएको रकमबाट लगानी भएको ऊर्जा परियोजनाको विवरण अद्यावधिक गर्न बैंकले निर्देशन दिएको छ ।

# एकीकृत परिपत्र-२०७८ मा संशोधन

नेपाल राष्ट्र बैंकले विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा जारी गरिएको 'एकीकृत परिपत्र-२०७८' मा संशोधन गरेको छ । विदेशी विनिमय व्यवस्थापन विभागले फागुन १८ गते परिपत्र जारी गर्दै संशोधित व्यवस्था कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्था र इजाजतपत्रप्राप्त अन्य संस्थालाई निर्देशन दिएको छ ।

नयाँ व्यवस्थामा गैरआवासीय नेपालीको नाममा खाता खोल्दा र सञ्चालन गर्दा आवश्यक पर्ने सर्तमा संशोधन गरिएको छ । संशोधित व्यवस्थाअनुसार गैरआवासीय नेपालीको खाता खोल्न र सञ्चालन गर्न (१) नेपाल सरकारले जारी गरेको गैरआवासीय नेपालीको अद्यावधिक परिचयपत्र (२)गैरआवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको स्वदेशी वा विदेशी राहदानी (३)साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि सार्क सदस्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकतासहित त्यस्तो प्रमाणित हुने कागजातमध्ये कुनै एक कागजातको प्रतिलिपि आवश्यक पर्नेछ ।

यसै गरी, गैरआवासीय नेपालीको नाममा परिवर्त्य विदेशी मुद्रामा बचत खाता खोल्ने र सञ्चालन गर्नका निम्ति समेत सोही कागजात आवश्यक पर्ने व्यवस्था मिलाइएको छ। साथै, सोही कागजातसहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न र सञ्चालन गर्न सकिने परिपत्रमा उल्लेख छ । यसअघि नेपाल सरकारले जारी गरेको गैरआवासीय नेपालीको अद्यावधिक परिचयपत्रको प्रतिलिपि आवश्यक पर्ने व्यवस्था थियो ।

यस्तो खाता खोल्न संस्थागत विदेशी निक्षेपकर्ता तथा गैरआवासीय नेपालीबाट न्यूनतम अमेरिकी डलर एक हजार वा सोबराबरको निक्षेप सङ्कलन गर्न सकिने व्यवस्था कायम गरिएको छ । साथै, परिवर्त्य विदेशी मुद्राको बचत खाता खोल्दा पनि यस्तो खातामा अमेरिकी डलर एक हजार वा सोबराबरको परिवर्त्य विदेशी मुद्राको न्यूनतम मौज्दात कायम हुनुपर्ने व्यवस्था गरिएको छ। यसअघि न्यूनतम पाँच हजार अमेरिकी डलर वा सोबराबरको मुद्रा आवश्यक पर्ने सर्त तोकिएको थियो ।

यसै गरी, विप्रेषण कारोबार गर्ने इजाजतपत्रप्राप्त कम्पनीले विप्रेषण कारोबारमा लाग्ने सेवा शुल्कलगायत विनिमय दरसम्बन्धी विवरणलाई आ-आफ्नो वेबसाइटमार्फत प्रकाशन र अद्यावधिक गर्नसमेत विभागले निर्देशन दिएको छ । साथै, भारतबाट वस्तु तथा सेवा आयात गर्दा दिइने सटही सुविधा र निर्यातकर्ताको लागि अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नेसम्बन्धी व्यवस्थामा समेत संशोधन गरिएको छ ।

यसैबीच, विदेशी विनिमय व्यवस्थापन विभागले 'सुन आयात तथा बिक्री वितरणसम्बन्धी कार्यविधि, २०६८' मा संशोधन गरेको छ । फागुन २२ गते जारी परिपत्रअनुसार आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई २० केजीबाट घटाएर १० केजी कायम गरिएको छ ।

# विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जासम्बन्धी मार्गदर्शन जारी


विद्युतीय माध्यमबाट कर्जा प्राप्तिको आवेदनदेखि कर्जा प्रवाहसम्मका प्रक्रियालाई सहजीकरण गर्न नेपाल राष्ट्र बैंकले 'विद्युतीय माध्यमबाट हुने कर्जासम्बन्धी मार्गदर्शन, २०७८' जारी गरेको छ ।

भुक्तानी प्रणाली विभागले माघ २८ गते एक परिपत्र जारी गर्दै उक्त मार्गदर्शनका व्यवस्थालाई कार्यान्वयन गर्न/गराउन भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई निर्देशन दिएको छ । बैंक व्यवस्थापन समितिको गत माघ १८ गतेको बैठकले उक्त मार्गदर्शन स्वीकृत गरेको हो । सूचना प्रविधिको उच्चतम प्रयोग गरी ग्राहकलाई छिटो, सरल र सहज रूपमा कर्जा प्रवाह गर्ने र कर्जाको असुलीलाई सहजीकरण गर्ने उद्देश्यले उक्त मार्गदर्शन जारी गरिएको जनाइएको छ ।

मार्गदर्शनअनुसार विद्युतीय कर्जा प्रक्रियामा मुख्यतया बैंक तथा वित्तीय संस्थाहरू संलग्न रहनेछन् । तिनले कर्जा प्रक्रियाको सहजीकरणका निम्ति भुक्तानी सेवा प्रदायक संस्थालाई प्रतिनिधिको रूपमा संलग्न गराउन सक्नेछन् । वित्तीय संस्थामा तलबी खाता रहेका पेसाकर्मीको हकमा पाँच लाख र अन्य ग्राहकको हकमा अधिकतम दुई लाख रुपैयाँसम्म विद्युतीय कर्जा प्रवाह गर्न सकिने व्यवस्था मार्गदर्शनमा छ । यस्तो कर्जाको अवधि अधिकतम तीन वर्षसम्म हुनेछ ।

बैंक तथा वित्तीय संस्थाले अलग्गै पोर्टल वा मोबाइल एपको प्रयोगबाट विद्युतीय कर्जाको आवेदन प्राप्त गर्न सक्नेछन् । संस्था र ग्राहकबीचको सूचना आदानप्रदान, कर्जासम्बन्धी कागजातको सुरक्षासमेत विद्युतीय माध्यमबाटै मिलाउनुपर्ने मार्गदर्शनमा उल्लेख छ। विद्युतीय कर्जा प्रक्रियाको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाको जिम्मेवारी र दायित्वसमेत मार्गदर्शनमा खुलाइएको छ ।

विद्युतीय कर्जासम्बन्धी प्रक्रियाको निम्ति बैंक तथा वित्तीय संस्थाले भुक्तानी सेवा प्रदायक संस्थालाई आधिकारिक प्रतिनिधि तोक्न सक्ने व्यवस्था मार्गदर्शनमा राखिएको छ । यससम्बन्धी कार्यविधि स्वीकृत गराई लागू गर्नुपर्ने व्यवस्था छ । कर्जासम्बन्धी अन्य प्रक्रियाहरू 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनबमोजिम हुने व्यवस्था मार्गदर्शनमा राखिएको छ ।



नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोन: ४४१९८०४/५/७
एक्स्टेन्सन: ६१४/६११/६०६
फ्याक्स: ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np

पत्र संख्या :- भु.प्र.वि./नीति/परिपत्र/०५/०७८/७९

मिति :- २०७८/१०/२८

भुक्तानी सम्वन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरू ।

विषय : विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्वन्धी मार्गदर्शन, २०७८ जारी गरिएको सम्वन्धमा ।

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्वन्धी कार्य गर्ने सम्पूर्ण संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्वन्धी मार्गदर्शन, २०७८ जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ ।

भवदीय,
(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।

## आन्तरिक विप्रेषणको सीमा २५ हजार

स्वदेशभित्र हुने विप्रेषण कारोबारको सीमा प्रतिदिन २५ हजार रुपैयाँ कायम गरिएको छ । 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०७८' मा संशोधनमार्फत नयाँ व्यवस्था कायम गरिएको हो ।

भुक्तानी प्रणाली विभागद्वारा फागुन १८ गते जारी परिपत्रमा भनिएको छ, 'यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी तथा उक्त कम्पनीका सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटिभले स्वदेशमा आन्तरिक विप्रेषणको कारोबार गर्दा सम्बन्धित विप्रेषण कम्पनीको प्रणाली अनिवार्य रूपमा प्रयोग गरी प्रतिव्यक्ति, प्रतिकारोबार, प्रतिदिन अधिकतम रु.२५ हजारसम्मको कारोबार गर्न सक्नेछन् ।' यसअघि आन्तरिक विप्रेषणको प्रतिदिन कारोबारको सीमा एक लाख रुपैयाँ तोकिएको थियो । यद्यपि, विदेशबाट नेपालस्थित सम्बन्धित व्यक्ति वा आफन्तलाई पठाएको विप्रेषण रकम नगदमै भुक्तानी गर्न सकिने सीमा भने पूर्ववत रूपमा यथावतै रहेको समेत विभागले स्पष्ट पारेको छ ।

# गभर्नर अधिकारीद्वारा विराटनगर कार्यालयमा बीएसबीएसको शुभारम्भ



नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयमा बैंक नोट स्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बीएसबीएस) को औपचारिक शुभारम्भ भएको छ ।

२०७८ फागुन १३ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बीएसबीएस मेसिनको 'स्वीच अन' गरेर यसको शुभारम्भ गर्नुभयो । चलनचल्तीको निम्ति अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिँदै आइएकोमा बीएसबीएस मेसिनको प्रयोगमार्फत स-साना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन गर्ने उद्देश्यले उक्त प्रणाली अवलम्बन गरिएको हो ।

सो अवसरमा गभर्नर अधिकारीले बैंकको कार्यसम्पादनलाई आधुनिक र प्रविधिमैत्री बनाउने सन्दर्भमा बीएसबीएसको सुरुआत एउटा महत्वपूर्ण उपलब्धि रहेको धारणा राख्नुभयो । बीएसबीएसमार्फत तयार गरिने ब्रिकेट प्रयोगको सम्भावित क्षेत्रबारे अध्ययन भइरहेको जानकारी उहाँले दिनुभयो । साथै बीएसबीएसलाई व्यवस्थित तुल्याउन नोट धुल्याउने नियमावली संशोधन र यससम्बन्धी कार्यविधि तर्जुमाको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारीसमेत गभर्नर अधिकारीले दिनुभयो ।

कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले अयोग्य नोट धुल्याउन बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे चर्चा गर्दै बीएसबीएसको सञ्चालन प्रक्रियाबारे जानकारी दिनुभयो । सो अवसरमा कोष तथा लेखा नियन्त्रकको कार्यालय, मोरङका प्रमुख परशुराम नेपालले बीएसबीएसको प्रयोगले नोट धुल्याउने पद्धतिलाई आधुनिक बनाएको धारणा राख्नुभयो । नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका निर्देशक मीना पाण्डेको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

बीएसबीएस मेसिनले कटन, पोलिमरलगायत सबै किसिमका बैंक नोटका प्याकेट र बन्डललाई टुक्र्याएर ब्रिकेट तयार गर्दछ । उक्त मेसिनमा दुई वटा खण्ड रहन्छन् । पहिलो खण्डले नोटलाई टुक्र्याउने कार्य गर्छ भने दोस्रो खण्डले टुक्र्याइएको नोटबाट ब्रिकेट तयार गर्छ । उक्त मेसिनमा एक पटकमा २०० केजीसम्म बैंक नोट राख्न सकिन्छ र मेसिनले प्रतिघण्टा १०० केजी नोटलाई टुक्र्याउने क्षमता राख्छ । यस्तो टुक्राको औसत आकार ६x६ मि.मि. हुनेछ । यसरी टुक्र्याइएको नोटलाई प्रतिघण्टा २०० केजीको दरले प्रशोधन गरी ब्रिकेट तयार गर्न सकिन्छ । बीएसबीएस मेसिनलाई प्रतिवर्ष एक हजार घण्टासम्म सञ्चालन गर्न सकिनेछ । यस्तो ब्रिकेट ईंटाभट्टा, कागज कारखाना, कोइला प्रयोग गरिने उद्योगसँगै घरायसी प्रयोजनमा समेत उपयोगी हुने विश्वास लिइएको छ ।

थापाथलीस्थित बैंकको निर्माणाधीन भवनसँगै विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयमा उक्त प्रणाली जडान गरी सञ्चालनमा ल्याउने बैंकको योजना छ । यी मेसिनहरू नेदरल्याण्डबाट आयात गरिएको हो । बीएसबीएसमार्फत नोट धुल्याउने पद्धतिलाई नीतिगत रूपमा व्यवस्थित गर्ने गरी नोट धुल्याउनेसम्बन्धी प्रचलित नियमावलीमा आवश्यक संशोधन गर्ने प्रक्रियासमेत अघि बढाइएको छ । यसरी सञ्चालनमा ल्याइएको बैंक नोट स्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बीएसबीएस) वातावरणमैत्री समेत हुने अपेक्षा राखिएको छ ।

# गभर्नर अधिकारीद्वारा 'सार्क फाइनान्स ई–न्यूजलेटर' विमोचन

नेपाल राष्ट्र बैंकले 'सार्क फाइनान्स ई-न्यूजलेटर' प्रकाशन गरेको छ । फागुन १६ गते आयोजित एक कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले ई-न्यूजलेटर विमोचन गर्नुभयो ।

सार्क फाइनान्सको अध्यक्षको हैसियतमा बैंकले सो ई-न्यूजलेटर (पूर्णाङ्क-२, २०२२) प्रकाशन गरेको हो । उक्त प्रकाशनमा गभर्नर अधिकारीको सम्बोधनसँगै ४१ औं र ४२ औं 'सार्क फाइनान्स गभर्नर ग्रुप मिटिङ' ले अगाडि सारेका नीतिगत प्रयास र त्यसको कार्यान्वयन अवस्थालाई उल्लेख गरिएको छ ।

यसै गरी, ई-न्यूजलेटरमा सार्क फाइनान्सको साङ्गठनिक कार्यदिशा तथा सार्क फाइनान्स तथ्याङ्कीय पद्धति, प्राविधिक सहायता, तालिम कार्यक्रम, वित्तीय समावेशीकरण, अध्ययन/अनुसन्धान लगायतका पारस्परिक सहायताका क्षेत्र र सार्क पेमेन्ट काउन्सिलको प्रगति प्रतिवेदनलाई समेटिएको छ । साथै, सार्क क्षेत्रमा कोभिड-१९ ले पारेको असर र यसलाई सम्बोधन गर्न अवलम्बन गरिएका नीतिगत प्रयास, सार्क सदस्य राष्ट्रका समष्टिगत आर्थिक निगरानी सूचक र आँकडासँगै समसामयिक आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित आलेखलाई



समेत ई-न्यूजलेटरमा समेटिएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले विमोचित ई-न्यूजलेटरले सार्क राष्ट्रका आर्थिक तथा वित्तीय क्षेत्रको अवस्था, नीतिगत अभ्यास र पारस्परिक साझा विषयलाई समेटेको उल्लेख गर्दै यो प्रकाशन सार्क क्षेत्रको निम्ति उपयोगी सन्दर्भ सामग्री रहने चर्चा गर्नुभयो ।

सन् २०२१ नोभेम्बर १५ मा सम्पन्न ४२ औं सार्क फाइनान्स गभर्नर्स ग्रुप मिटिङले २०२२ अक्टोबरसम्मको निम्ति नेपाल राष्ट्र बैंकलाई 'सार्क फाइनान्स' को अध्यक्ष चयन गरेको थियो । विगतमा अर्धवार्षिक रूपमा 'सार्क फाइनान्स ई-न्यूजलेटर' प्रकाशन हुँदै आएकोमा गत वर्षदेखि वार्षिक रूपमा प्रकाशन गर्न थालिएको हो ।

'सार्क फाइनान्स' दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकहरूको सञ्जाल हो । सार्क राष्ट्रहरूबीच समष्टिगत आर्थिक नीतिको विषयमा खुला छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा 'सार्क फाइनान्स'को स्थापना भएको थियो । सन् २००२ जनवरीमा काठमाडौंमा सम्पन्न 'एघारौं सार्क शिखर सम्मेलन' ले 'सार्क फाइनान्स' लाई औपचारिक मान्यता दिएको थियो ।

# गभर्नर अधिकारीद्वारा विराटनगर कार्यालयका कर्मचारीसँग अन्तरक्रिया



गभर्नर महाप्रसाद अधिकारीले केन्द्रीय बैंकको गरिमा उच्च राख्नेगरी कार्यसम्पादन गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ ।

फागुन १३ गते विराटनगर कार्यालयका कर्मचारीहरूसँगको अन्तरक्रियामा गभर्नर अधिकारीले यस्तो निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "केन्द्रीय बैंक आफैंमा विशिष्ट गरिमा भएको संस्था हो । यो गरिमालाई उच्च राख्नेगरी इमान्दारीपूर्वक आफ्नो कार्यसम्पादन गर्नुहोला ।"

उच्च व्यापार घाटा र तरलता अभावको प्रवृत्तिले वित्तीय स्थायित्वलाई चुनौतीपूर्ण बनाएको उल्लेख गर्दै गभर्नर अधिकारीले यसलाई सम्बोधन गर्न बैंकले विभिन्न नीतिगत व्यवस्थालाई अवलम्बन गरेको जानकारी दिनुभयो । बैंकका नीतिगत व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नसमेत उहाँले कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

सूचना प्रविधिको तीव्र विकाससँगै केन्द्रीय बैंकको भूमिका पनि गतिशील बनेको उल्लेख गर्दै गभर्नर अधिकारीले नगदरहित कारोबारको प्रवर्द्धनका निम्ति विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । यसबाट नगद व्यवस्थापनको चुनौतीलाई व्यवस्थापन गर्नसमेत सहज हुने उहाँको धारणा थियो ।

कोभिड संक्रमणको घट्दो क्रमसँगै कर्मचारीको स्वदेशी र विदेशी तालिम तथा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइने जानकारी गभर्नर अधिकारीले दिनुभयो । कोभिड-१९ को प्रतिकूल समयमा समेत जिम्मेवारीपूर्वक सेवा प्रवाह गरेकोमा उहाँले कर्मचारीहरूलाई धन्यवाद दिनुभएको थियो ।

# ‘अर्थतन्त्र र समग्र प्रणालीबारे सबैले सोचौं’

■ महाप्रसाद अधिकारी
गभर्नर

कोभिड-१९ का कारण पछिल्लो दुई वर्षमा उद्योग/व्यवसाय निकै प्रभावित रह्यो । यस्तो अवस्थामा उद्यमी/व्यवसायीको मनोबल बढाउने सिलसिलामा हामी धेरै उदार पनि भयौं । व्यावसायिक क्षेत्रलाई केही ‘एक्ट्राअर्डिनरी’ सुविधा र सहयोग उपलब्ध गराउने प्रयास गर्‍यौं । खासगरी अघिल्लो आर्थिक वर्षको अन्तिम त्रयमासयताको अवधिमा बैंकिङ क्षेत्रबाट अधिक मात्रामा कर्जा सुविधा प्रवाह भयो । यहाँहरूलाई अप्ठ्यारो परेको अवस्थामा हामीले बैंकको भुक्तानी अवधि (भाखा) बढाएर सहयोग गर्‍यौं । गत पुस महिनासम्म पनि यो सुविधा दिएका थियौं । यसबाट यहाँहरू पनि उत्साहित हुनुभयो । यसैको फलस्वरूप आफ्नो व्यवसायलाई निरन्तरता दिन पनि सक्नुभयो ।



आजभन्दा पाँच वर्ष अगाडिको आँकडालाई केलाउने हो भने वार्षिक दुई खर्ब हाराहारीमा कर्जा प्रवाह हुन्थ्यो । आज एक महिनामै २१० अर्बसम्म कर्जा गएको देखिन्छ । यसो हुनुमा उद्योग/व्यवसाय क्षेत्रको दोष होइन । कोभिडले थलिएको व्यावसायिक क्रियाकलापलाई गतिशील तुल्याउन राज्यले उपलब्ध गराएको सुविधाको उच्चतम उपयोग यहाँहरूले गर्नुभएको हो । यो सुविधासँगै अन्य असरहरू पनि अर्थतन्त्र र वित्तीय प्रणालीमा देखिन थाले । यसै पनि हाम्रो अर्थतन्त्र आयातमा आधारित छ । आयातको कुल परिमाणमा इन्धन, सवारी साधन र तिनका पाटपुर्जाको ठूलो हिस्सा छ । अधिकांश वस्तुको आपूर्ति आयातमै निर्भर हुनुपरेका कारण पछिल्लो छ महिनामा आयातको परिमाण उच्च रहन पुग्यो ।

कोभिडको प्रभाव रहनुभन्दा अघिल्लो वर्षको आँकडासँग तुलना गर्दा पछिल्लो छ महिनामा दुई खर्बभन्दा बढीको आयात भएको देखिन्छ । यसबाट हाम्रो बाह्य क्षेत्र स्थायित्वमा दवाब परेको छ । जुन गतिमा अहिले आयात बढेको छ, त्यही अनुपातमा भुक्तानी दिनसक्ने क्षमता हामीसँग छैन । विदेशी मुद्रा सञ्चितिलाई सबल तुल्याउन हामीसँग दिगो स्रोतको अभाव छ । रेमिटचान्स नै हाम्रो सबैभन्दा ठूलो स्रोत हो । तर रेमिटचान्स अपेक्षाकृत रूपमा बढ्न सकेको छैन । पुस मसान्तसम्मको तथ्याङ्कले रेमिटचान्स आप्रवाह ५.५ प्रतिशतले घटेको देखाउँछ । तथापि यस पछाडिका केही कारणहरू पनि छन् । कोभिड संक्रमणको अवधिमा अनौपचारिक माध्यमहरू बन्द जस्तै रहे । जसले गर्दा त्यो अवधिमा रेमिटचान्स बैंकिङ च्यानलबाटै भित्रियो । परिणामतः त्यो अवधिमा रेमिटचान्स आप्रवाह केही बढ्न पुग्यो । कोभिड संक्रमण अवधिको तुलनामा रेमिटचान्स घटेको भए पनि कोभिडपूर्वको अवधिसँग दाँज्ने हो भने रेमिटचान्स आप्रवाहमा उति ठूलो गिरावट आएको भने देखिँदैन । जस्तो कि; कोभिड संक्रमणको अवधिमा रेमिटचान्स आप्रवाह औसतमा मासिक ८० अर्ब हाराहारीमा थियो । अघिल्ला तीन वर्षको औसत रेमिटचान्स करिब ७७ अर्ब छ । अहिले पनि यही परिमाणमा रेमिटचान्स आइरहेको छ । यो कोणबाट हेर्दा, रेमिटचान्स आप्रवाह उल्लेख्य मात्रा घटेको पनि हैन ! तर अनौपचारिक माध्यमबाट रेमिटचान्स भित्रिरहेको सूचना हाम्रासामु आइरहेका छन् । यसको नियन्त्रणका निम्ति हामीले विभिन्न उपायहरू अपनाइरहेका छौं ।

मुलुकमा भित्रिने रकमभन्दा बाहिरिने रकम बढी भएको कारणले पछिल्लो छ महिनामै हाम्रो शोधनान्तर स्थिति २४१ खर्बले नकारात्मक हुन पुगेको छ । यसबाट अर्थतन्त्रमा पर्नसक्ने असरप्रति हामी हामी अत्यन्त सजग छौं । यो अवस्थालाई सम्बोधन गर्न पछिल्लो समयमा नेपाल सरकार र राष्ट्र बैंकबाट केही नीतिगत व्यवस्था अवलम्बन गरिएको छ । यहाँहरूमध्ये कतिपयलाई यो निर्णय ‘अप्रिय’ लागेको पनि हुन सक्छ । तथापि, यसका आधारभूत कारणबारे यहाँहरू सबै जना जानकार नै हुनुहुन्छ ।

आयात वृद्धिसँगै भुक्तानी सन्तुलनमा परेको दवाबको असर हाम्रो आन्तरिक बजारमा पनि देखिन थाल्यो । जसको फलस्वरूप तरलतामा पनि चाप पर्‍यो । अघिल्लो वर्षसम्म तरलताको अभाव महसुस भएन । ब्याजदर पनि न्यून थियो । यसबाट उद्योगी/व्यवसायीले वित्तीय स्रोतको राम्रोसँग उपयोग गर्न पाउनुभयो । तर, सस्तो ब्याजदरको असर उत्पादनशील क्षेत्रमा मात्रै परेन, सँगसँगै अनुत्पादक क्षेत्रमा पनि देखिन थाल्यो । जस्तो कि; कर्जाको ठूलो हिस्सा वस्तु आयातमा खर्च हुन पुग्यो । यसैको परिणामस्वरूप हामी केही बाध्यात्मक निर्णय लिनैपर्ने अवस्थामा पुगेका हौं । हालै मात्र हामीले केही आयातित वस्तुमा ‘क्यास मार्जिन’ को व्यवस्था गरेका छौं । यसको आशय त्यस्ता वस्तुको आयात पूर्ण रूपमा नियन्त्रण होस् भन्ने पनि होइन । आवश्यकभन्दा बढी परिमाण र अग्रिम रूपमा ती वस्तुहरू नभित्रिउन् भन्ने हाम्रो अपेक्षा हो । हामीलाई थाहा छ, यसबाट व्यावसायिक क्षेत्रले केही असजिलो महसुस गरेको छ । यहाँहरूलाई स्पष्ट पारौं, यो कदम सधैंका निम्ति चालिएको होइन । हाम्रो अर्थतन्त्रको स्थिति थप सहज हुनासाथ हामी यसलाई खुकुलो गर्दै लैजाने छौं । तसर्थ केही समय संयमित भइदिन म उद्यमी समुदायसँग अनुरोध गर्छु ।

कोभिडका कारण गत साल तपाईंहरूलाई अप्ठ्यारो परेको थियो । त्यति बेला राज्यले सहयोग गर्‍यो । वित्तीय प्रणालीले सहयोग गर्‍यो । अहिले ‘सिस्टम’ नै असहज अवस्थामा छ । त्यसैले अब ‘सिस्टम’लाई सहयोग गरिदिनुस् । ‘सिस्टम’ बाँच्यो भने न हामी पनि त्यसैभित्र बाँचेर आफ्नो उद्यम चलाउन सक्छौं ! भोलि ‘सिस्टम’ नै रहेन भने हामीले के गर्न सक्छौं र ? सानो उदाहरण दिइहालौं, यहाँहरूको घरघरमा सवारी साधन छ । भोलि राज्यले इन्धन आयात गर्न नसकेर ती साधन एउटा कुनामा थन्क्याएर हिँड्दै

बजार आउनुपऱ्यो भने के अर्थ रह्यो र ? त्यस्तो अवस्था नआओस् भनेरै हामी पछिल्लो नीतिगत व्यवस्था अवलम्बन गर्न बाध्य भएका हौं । हामीलाई थाहै छ, कोभिडको असरकै कारण यो प्रतिकूल अवस्था देखिएको हो ।

तरलताको अभावलाई सहज बनाउन राष्ट्र बैंकले नियामकीय कदम चालिरहेकै छ। साउन तेस्रो सातायता हामीले लगभग ४३ खर्ब बजारमा पठाएका छौं । यो अहिलेसम्मकै उच्च आँकडा हो । आजको दिनमा हेर्ने हो भने पनि राष्ट्र बैंकको ३२६ अर्ब रकम बैंक तथा वित्तीय संस्थाले प्रयोग गरिरहेको अवस्था छ । बैंकले चलाउनुको अर्थ त्यो रकम यहाँहरूमाझ उपलब्ध छ । यहाँहरूको उद्योग/व्यवसायलाई सहज बनाउनकै लागि हामीले यो सुविधा दिएका हौं । यसलाई यहाँहरूले बुझिदिनु पर्छ । अब यहाँहरूले बैंकको रिकभरीलाई सघाउनु पर्नेछ ।

हामीलाई आशा छ, बजारमा देखिएको तरलताको अभाव क्रमिक रूपमा सहज हुँदै जानेछ । विद्यमान शोधनान्तर घाटालाई न्यून गर्न हामी प्रयासरत छौं । हालै हामीले बैंकदरलाई पाँचबाट बढाएर सात प्रतिशत पुऱ्याएका छौं । बैंकदर बढ्दा यहाँहरूलाई असहज लागेका होला । यो सन्दर्भमा एउटा कुरा भनिहालौं, बजारमा तरलताको यो स्तरको अभाव भइरहँदा ब्याजदर १५ प्रतिशत माथि हुनुपर्ने हो । तर, विविध नीतिगत व्यवस्थाको फलस्वरूप ब्याजदर धेरै हदसम्म स्थिर रहन सकेको अवस्था छ । यसमा राष्ट्र बैंक कसिलो बन्यो भन्ने बैंकरहरूको गुनासो पनि छ ।

पछिल्लो अवधिमा विश्वव्यापी रूपमा मुद्रास्फीति बढ्दो क्रममा छ । कतिपय मुलुकहरू निकै कठिन स्थितिको सामना गर्न बाध्य भएका देखिन्छन् । हामीले यो वर्ष मुद्रास्फीति ६.५ प्रतिशतभन्दा माथि जान नदिने लक्ष्य राखेका छौं । हालसम्मको आँकडालाई हेर्दा हामीले मुद्रास्फीतिलाई लक्षित सीमाभित्र कायम राख्न सकेका छौं । अन्तर्राष्ट्रिय बजार र आसन्न निर्वाचनलगायतका आन्तरिक कारणले मूल्यवृद्धिमा केही चाप पर्न सक्ने सम्भावना छ । तथापि, यसलाई लक्षित सीमाभित्र कायम राख्ने हाम्रो प्रयास हुनेछ ।

अर्थतन्त्रमा स्वाभाविक रूपमा उतारचढाव आइरहन्छन् । यसलाई सहज रूपमा लिनुपर्छ । यसलाई सम्बोधन गर्दै अर्थतन्त्रको पुनरुत्थान गर्नका निम्ति हामी सबैको पहल आवश्यक छ । सबै पक्ष संयमित रहदै अर्थतन्त्रप्रति जिम्मेवार भई आ-आफ्नो क्षेत्रबाट राज्यलाई योगदान दिन जरुरी छ । यो प्रतिकूल अवस्थामा एकले अर्कोलाई आक्षेप लगाउने काम नगरौं ।

*(बाह्रखरी मिडिया र उद्योग सङ्गठन, मोरङद्वारा फागुन १४ गते विराटनगरमा आयोजित 'इकोनोमिक समिट'मा गभर्नर अधिकारीले दिनुभएको मन्तव्यको सम्पादित अंश)*

# उद्यमशीलता अर्थतन्त्रको मेरुदण्ड: गभर्नर अधिकारी

गभर्नर महाप्रसाद अधिकारीले उद्यमशीलता अर्थतन्त्रको मेरुदण्ड रहेको धारणा राख्नुभएको छ । बाह्रखरी मिडियाद्वारा फागुन १३ गते सुनसरीको इटहरीमा आयोजित 'युवा उद्यमी सम्मेलन' मा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै गभर्नर अधिकारीले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभयो, "उद्यमशीलता अर्थतन्त्रको मेरुदण्ड हो। त्यसैले उद्यमशीलतालाई बचाउनैपर्छ । उद्यमशीलता प्रवर्द्धनका लागि हामीले उद्यमीलाई सहज वातावरण दिनुपर्छ ।"




उद्यमशीलताले समग्र आर्थिक वृद्धि र समृद्धिमा टेवा पुऱ्याउने उल्लेख गर्दै गभर्नर अधिकारीले उद्यमशीलता विकासको नीतिगत र प्रक्रियागत सहजीकरणका निम्ति राज्यका नियामक निकायबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । राष्ट्र बैंकबाट सरकारलाई दिने नीतिगत सुझावमा उद्यमशीलताको विकासलाई सधैं प्राथमिकतामा राखिएको जानकारी उहाँले दिनुभयो ।

कोभिड-१९ बाट प्रभावित उद्योग/व्यवसायको पुनरुत्थानको निम्ति राष्ट्र बैंकले गत वर्ष 'एक्ट्राअर्डिनरी नीति' ल्याएको चर्चा गर्दै गभर्नर अधिकारीले त्यसबाट व्यावसायिक वातावरणले निरन्तरता पाएको धारणा राख्नुभयो । कोभिड प्रभावित अर्थतन्त्रले क्रमिक रूपमा गति लिएसँगै आयातको परिमाणमा उल्लेख्य वृद्धि भएका कारण शोधनान्तर स्थितिमा चाप परेको उहाँले स्पष्ट पार्नुभयो । यसैको परिणामस्वरूप बैंकले केही आयातित वस्तुमा 'क्यास मार्जिन' को 'बाध्यात्मक निर्णय' लिएको उल्लेख गर्दै गभर्नर अधिकारीले केही समयको निम्ति संयमित भइदिन उद्योगी/व्यवसायीलाई आग्रह गर्नुभयो । "केही विलासी वस्तुको अधिक आयातलाई नियन्त्रण गर्न मात्रै खोजिएको हो । पूरै आयातलाई रोक्ने हाम्रो अभिप्राय होइन । यो सधैंका लागि होइन । आशा छ, केही समयको निम्ति यहाँहरू संयम रहनु हुनेछ ।" उहाँले भन्नुभयो ।

क्रिप्टोकरेन्सी र हाइपर फण्डलगायतको कारोबारलाई राष्ट्र बैंकले प्रतिबन्ध लगाएको स्मरण गराउँदै गभर्नर अधिकारीले त्यस्ता गैरकानुनी कारोबारबाट जोगिन व्यवसायीलाई आग्रह गर्नुभयो । त्यस्तो कारोबारले अर्थतन्त्र र वित्तीय प्रणालीमा अस्थिरता ल्याउने भएका कारण यसलाई बैंकले प्रतिबन्ध लगाएको उहाँले स्पष्ट पार्नुभयो । विद्युतीय भुक्तानी प्रवर्द्धनलाई राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै गभर्नर अधिकारीले यसबाट वित्तीय पहुँच अभिवृद्धि, सुशासन र पारदर्शिता प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा गभर्नर अधिकारीले युवा उद्यमीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

# विद्युतीय भुक्तानी कारोबारको जोखिमसम्बन्धी अन्तरक्रिया



विद्युतीय भुक्तानी कारोबारमा हुने अन्तरनिहित जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ भुक्तानी प्रणाली विभागले फागुन २६ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले विद्युतीय भुक्तानी कारोबारमा गुणात्मक वृद्धि भएको उल्लेख गर्दै यस्तो कार्यक्रमको आयोजनाबाट भुक्तानी प्रणालीमा रहेका जोखिमको पहिचान गर्न सहज हुने धारणा राख्नुभयो । भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाले कारोबारको सुरक्षा, तथ्याङ्कको गोपनियता, कारोबारको सूक्ष्म परीक्षण र जोखिमको मूल्याङ्कन गर्दै आफ्नो प्रणालीको स्तरोन्नति गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर मिश्रले कोभिड-१९ को संक्रमणसँगै नेपालमा विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको उल्लेख गर्दै जोखिम पनि बढेको धारणा राख्नुभयो । साथै, विद्युतीय भुक्तानी प्रयोगकर्ताको ग्राहक पहिचानसम्बन्धी विवरणलाई समेत सरलीकृत बनाउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो। कार्यक्रममा नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख धिरजप्रताप सिंहले विद्युतीय माध्यमबाट हुने आर्थिक अपराधलाई न्यूनीकरण गर्न प्रहरीले सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिरहेको जानकारी दिनुभयो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका सहायक निर्देशक विनोद बजगाईंले विद्युतीय भुक्तानी कारोबारका सम्बन्धमा राष्ट्र बैंकबाट जारी भएका निर्देशन र नीतिगत व्यवस्था र यसको पालनाको स्थितिबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी नायव उपरीक्षक रविनबाबु रेग्मीले विद्युतीय माध्यमबाट भएका आर्थिक अपराध र यसको नियन्त्रणको निम्ति नेपाल प्रहरीले गरेका प्रयाससम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारलाई सुरक्षित र विश्वसनीय बनाउनुपर्ने उल्लेख गर्दै नियामकीय निर्देशन र नीतिगत व्यवस्थाको पूर्ण पालना गर्न सम्बद्ध संस्थाहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा विभिन्न विभागका कार्यकारी निर्देशक, नेपाल प्रहरीका वरिष्ठ अधिकृत, भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाका प्रतिनिधिलगायतको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक निश्चल अधिकारीले स्वागत मन्तव्य राख्दै विद्युतीय भुक्तानी कारोबारको वृद्धिसँगै यसमा अन्तरनिहित जोखिम पनि बढ्दै गएको जानकारी दिनुभयो । विभागका सहायक निर्देशक स्मृती भट्टले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगर कार्यालयद्वारा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले फागुन १८ गते 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

भर्चुअल माध्यममा आयोजित सो कार्यक्रममा प्रदेश नं. १ स्थित वाणिज्य बैंक, विकास बैंक, सहकारी संस्था, विदेशी मुद्रा कारोबारको निम्ति इजाजतपत्रप्राप्त मनिचेञ्जर र होटलका प्रतिनिधिसहित ८४ जनाको सहभागिता थियो । सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' र इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण र गो-एएमएल कार्यान्वयनको प्राविधिक पक्ष' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक मीना पाण्डेले शङ्कास्पद कारोबार तथा सीमाबाहिरका कारोबारको रिपोर्टिङले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी कार्य प्रभावकारी हुने धारणा राख्नुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको आवश्यकता र औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगरमा लेखासम्बन्धी अनुशिक्षण कार्यक्रम




वित्त व्यवस्थापन विभागले फागुन १९ र २० गते विराटनगर कार्यालयमा 'नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस) र लेखा निर्देशिका' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा विराटनगर कार्यालयका निर्देशक मीना पाण्डे, वित्त व्यवस्थापन विभागका उप-निर्देशकद्वय केशवप्रसाद तिमिल्सिना र जगदीश कुमारले बैंकभित्र हुने दैनिक कारोबारको लेखाङ्कन प्रक्रियामा लेखा मापदण्ड, लेखा निर्देशिकाको कार्यान्वयन अवस्था र दैनिक कारोबारको प्रविष्टिमा अवलम्बन गरिने लेखाङ्कन विधिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विराटनगर र जनकपुर कार्यालयका तर्फबाट सहभागी प्रतिनिधिले 'बाह्य लेखापरीक्षकले औंल्याएका कैफियत र समाधानका उपाय' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले बैंकको कामकारबाहीमा अन्तर्राष्ट्रिय तथा नेपाल लेखा मापदण्डलाई कार्यान्वयन थालिएको जानकारी दिँदै सोहीबमोजिम दैनिक कारोबारलाई सही ढङ्गले लेखाङ्कन गर्न सहभागीहरूलाई निर्देशन दिनुभयो । त्यसबाट बैंकको वित्तीय विवरण यथार्थपरक र विश्वसनीय बन्ने उहाँको भनाई थियो ।

कार्यक्रममा वित्त व्यवस्थापन विभागसँगै सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभाग, विराटनगर कार्यालय र जनकपुर कार्यालयका कर्मचारीको सहभागिता थियो । विभागका उप-निर्देशक रमेशकुमार कटुवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नगद कारोबार तथा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले फागुन २४ गते काठमाडौंको जरसिंहपौवामा नगद कारोबार तथा नगद व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धर, निर्देशकहरू आनन्द पौड्याल, दुर्गेशगोपाल श्रेष्ठ र गिरिजाप्रसाद कोइरालासहित विभागका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक माधवप्रसाद पोखरेल र सहायक निर्देशक गोविन्द कार्कीले नगद कारोबार तथा नगद व्यवस्थापन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक आनन्द पौड्यालले स्वागत मन्तव्य राख्दै नगदको शङ्कास्पद कारोबार र नगद कारोबारका सीमाका सम्बन्धमा सजग रहन कर्मचारीहरूसँग आग्रह गर्नुभयो । सो अवसरमा अतिथिको रूपमा आमन्त्रित गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थीले कार्यक्रम सफलताको निम्ति शुभकामना दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक मानन्धरले समापन मन्तव्यसहित नगद कारोबार र व्यवस्थापनका विषयमा आफ्नो धारणा राख्नुभएको थियो । विभागका प्रधान सहायक वासु रिजालले कार्यक्रम सञ्चालन गर्नुभयो भने सहायक रेवती राईले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# बैतडीमा प्रादेशिक वित्तीय संस्थाको उपस्थितिसम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले फागुन २२ गते बैतडीको गोठालापानीमा 'सुदुरपश्चिममा प्रादेशिक वित्तीय संस्थाको उपस्थिति' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षता र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा बैतडीका प्रमुख जिल्ला अधिकारी, दशरथ चन्द नगरपालिकाका प्रशासकीय अधिकृत, बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख, स्थानीय क्याम्पस प्रमुखलगायत विभिन्न क्षेत्रका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक श्रेष्ठले पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाको शाखागत सञ्जाल तीव्र रूपमा विस्तार भएको उल्लेख गर्दै शाखाको दिगोपना, सेवाको गुणस्तर, लक्षित वर्गमा सेवाको पहुँचसम्बन्धी अध्ययन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै, उहाँले अर्थतन्त्रको पछिल्लो आँकडाबारे जानकारीसमेत दिनुभयो ।




सो अवसरमा धनगढी कार्यालयका निर्देशक लेखकले स्रोत साधनको परिचालनमा बैंक तथा वित्तीय संस्थाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै त्यसप्रति वित्तीय संस्थाहरू अग्रसर हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक अवन्तिका रिमालले अन्तरक्रियाको स्वरूपबारे संक्षिप्त जानकारी दिनुभयो । कार्यालयका सहायक निर्देशक तुलसा ओझाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले फागुन २९ गते 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाहरूको दायित्व सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले अवैध सम्पत्तिलाई वैध बनाउन हुन सक्ने प्रयासबारे चर्चा गर्दै यससम्बन्धी कानुनी र नीतिगत व्यवस्थाका सम्बन्धमा वित्तीय संस्थाका कर्मचारीहरू जानकार हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा इकाईका सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठीले 'गो-एएमएल: एक सिंहावलोकन' विषयमा वार्ता प्रस्तुत गर्दै सूचक संस्थाले तोकिएको सीमाभन्दा बढी र शङ्कास्पद कारोबारको सम्बन्धमा वित्तीय



जानकारी इकाईमा रिपोर्टिङ गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी कार्यमा सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सिद्धार्थनगर कार्यालयका निर्देशक रञ्जना पण्डित पौडेलले सरोकारवाला पक्षको सामुहिक प्रयासबाट मात्रै सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्यमा उपलब्धि हासिल हुने धारणा राख्नुभयो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, रुपन्देहीका उपरीक्षक रवीन्द्र रेग्मी, नेपाल बैंकर्स संघ, लुम्बिनी प्रदेश संयोजक लेखनाथ भुसाल, वाणिज्य बैंकका प्रदेश प्रमुख, आर्थिक मामिला मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, राजस्व अनुसन्धान कार्यालय, संघीय प्रहरी इकाई, सहकारी संस्था, मनिचेञ्जरलगायतका प्रतिनिधिको सहभागिता थियो ।

सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जनकपुर र धनगढी कार्यालयद्वारा योग शिविर आयोजना

जनकपुर कार्यालयले फागुन १४ गते 'तनाव व्यवस्थापनको निम्ति योग शिविर' कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका कर्मचारीको सहभागितामा महोत्तरी नगरपालिका वडा नं. ४ स्थित योगा हलमा उक्त योग शिविर आयोजना गरिएको हो । सो अवसरमा आर्थिक अनुसन्धान विभागका प्रधान सहायक एवम् योग प्रशिक्षक गीता खतिवडाले सहभागीलाई योगसम्बन्धी प्रशिक्षण दिनुभयो । दुई वटा सत्रमा सञ्चालित उक्त कार्यक्रमको पहिलो सत्रमा योग अभ्यास र प्राणायाम तथा दोस्रो सत्रमा मानव शरीरको संरचना र कुण्डली चक्रबारे व्याख्या गर्दै शारीरिक तथा मानसिक स्वास्थ्यका विविध आयामबारे प्रशिक्षण दिइएको थियो ।



कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक नीरा ताल्चाभडेलले योग शिविरको आवश्यकता र औचित्यमाथि प्रकाश पार्दै दैनिक जीवनयापन र कार्यालयको कार्यसम्पादनमा तनाव व्यवस्थापनको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । कार्यक्रममा जनकपुर कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो । कार्यालयका सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरी र प्रधान सहायक गोपालबहादुर बुढाथोकीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



यसैबीच, धनगढी कार्यालयले फागुन २८ गते कैलालीको गोदावरीमा तनाव व्यवस्थापनसम्बन्धी योग अभ्यास र मनोरञ्जनात्मक कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा कार्यालयका सहायक निर्देशक तथा नैनादेवी योग केन्द्रका प्रशिक्षक प्रेम चन्द ठकुरीले योग अभ्याससम्बन्धी प्रशिक्षण दिनुभयो । सो अवसरमा सहभागीहरूलाई योग शारीरिक व्यायाम, प्राणायाम तथा तनाव कम गर्ने प्रकृतिका विभिन्न अभ्यासहरू गराइएको थियो ।

सो अवसरमा कार्यालयका निर्देशक विनोदराज लेखकले यस्तो कार्यक्रमबाट कर्मचारीहरूमा तनाव व्यवस्थापन, उत्प्रेरणा र कार्य क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्दै नियमित रुपमा योग अभ्यास गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक तुलसा ओझाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिन्धुलीमा आर्थिक गतिविधि अध्ययनसम्बन्धी गोष्ठी

आर्थिक अनुसन्धान विभागले फागुन ५ गते सिन्धुलीको कमलामाईमा आर्थिक गतिविधि अध्ययनसम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

सिन्धुलीस्थित विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, सञ्चारकर्मीलगायतको उपस्थितिमा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले बाग्मती प्रदेश र सिन्धुली जिल्लाको आर्थिक स्थितिबारे प्रकाश पार्नुभयो । कार्यक्रममा विभागका उप-निर्देशक प्रेमप्रसाद आचार्यले नेपाल राष्ट्र बैंकको कामकारबाही र यसले अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावबारे जानकारी दिनुभयो ।



सो अवसरमा सहभागी उद्योगी व्यवसायीले वित्तीय सेवा निजी क्षेत्रमैत्री हुनुपर्ने उल्लेख गर्दै कोभिडबाट प्रभावित व्यवसायको पुनरुत्थानको निम्ति थप राहत र सहुलियत उपलब्ध हुनुपर्ने धारणा राख्नुभयो । सिन्धुलीस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखले सिन्धुलीमा वित्तीय साक्षरता अभिवृद्धि हुनुपर्ने आवश्यकता औंल्याउनु भयो । अनुसन्धान विभागका सहायक निर्देशक एलिशा मानन्धरले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



वित्त व्यवस्थापन विभागले फागुन ५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा विभागका उप-निर्देशक मिलादेवी बाराहीले 'केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उप-निर्देशक बाराहीले सीबीडीसीको आधारभूत जानकारी, यसको प्रचलनमा छिमेकी मुलुकमा भएका अभ्यास र नेपालमा यसको प्रचलनका निम्ति भइरहेका प्रयासबारे जानकारी दिनुभयो । सो अवसरमा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले सीबीडीसी कार्यान्वयनका निम्ति चीन र भारतले अवलम्बन गरेका प्रारूपबारे उल्लेख गर्दै नेपालमा यसको विकासका सम्भावनाबारे चर्चा गर्नुभयो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।



पोखरा कार्यालयले फागुन ६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराईले क्रिप्टोकरेन्सीको विकासक्रम र नेपालमा यसको प्रतिबन्धित अवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा निर्देशक भट्टराईले क्रिप्टोकरेन्सीको पृष्ठभूमि र यसको प्रयोग, क्रिप्टोकरेन्सी कारोबारको प्रवृत्ति, क्रिप्टोकरेन्सी कारोबारको जोखिमबारे चर्चा गर्नुभयो । साथै, उहाँले क्रिप्टोकरेन्सीमा मुद्रामा हुनुपर्ने विशेषता नरहेको, प्रचलित कानुनले यसलाई मान्यता नदिएको र यसले अर्थतन्त्रमा नकारात्मक असर पार्ने भएकाले नेपालमा प्रतिबन्ध लगाइएको जानकारी दिनुभयो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले केन्द्रीय बैंक विद्युतीय मुद्रा र क्रिप्टोकरेन्सीबीचको भिन्नता र अन्तरसम्बन्धबारे प्रकाश पार्नुभयो । कार्यक्रममा पोखरा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

यसै गरी, वित्तीय जानकारी इकाईले फागुन ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा केन्द्रका सहायक निर्देशकहरू समीरकुमार सिंह, रोजी थापा मगर, अमिष शर्मा र स्वेच्छा घिमिरे तथा प्रधान सहायक होमबहादुर काउचाले क्रिप्टोकरेन्सीसँग सम्बन्धित विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँहरूले इकाईको दृष्टिकोणमा क्रिप्टोकरेन्सीको सन्दर्भ, क्रिप्टोकरेन्सी र साईबर सुरक्षा, केन्द्रीय बैंक विद्युतीय मुद्रा, लगानीका पद्धति, एफएटीएफको सिफारिस, एलसाल्भाडोरमा क्रिप्टोकरेन्सीको प्रचलनलगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा इकाईका उप-निर्देशकहरू मेदनीप्रसाद पोखेल, अस्मिता गोर्खाली र स्वरूप श्रेष्ठले वित्तीय क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा केन्द्रको तर्फबाट अध्ययन/अनुसन्धान हुनुपर्ने धारणा राख्नुभयो । सो अवसरमा इकाईका प्रमुख दीर्घबहादुर रावलले नेपालमा क्रिप्टोकरेन्सीको कारोबार गैरकानुनी रहेको उल्लेख गर्दै यसको असरबाट वित्तीय क्षेत्रलाई सुरक्षित राख्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।



# पोखरामा व्यवसाय जीवनरक्षा कोष (सञ्चालन) कार्यविधिसम्बन्धी अन्तरक्रिया

पोखरा कार्यालयले फागुन १० गते व्यवसाय जीवनरक्षा कोष (सञ्चालन) कार्यविधि (चौथो संशोधन) तथा सोको कार्यान्वयन र अन्य विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।




पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशका सचिव मनमाया भट्टराई पंगेनीसहित उक्त प्रदेशमा व्यवसाय जीवन रक्षा कोष सञ्चालनमा संलग्न १८ वटा वाणिज्य बैंक र नौ वटा विकास बैंकका प्रधिनिधिको उपस्थिति थियो ।

सो अवसरमा सचिव पंगेनीले प्रदेश सरकारको महत्वाकांक्षी योजनाको सफल कार्यान्वयनको लागि तोकिएका क्षेत्र र लक्षित व्यवसायीलाई पर्याप्त कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिलाई आग्रह गर्नुभयो । साथै उहाँले उक्त कार्यक्रमको प्रभावकारी सहजीकरणको निम्ति नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयलाई समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले लक्षित क्षेत्रका उद्यमी/व्यवसायीलाई पर्याप्त कर्जा प्रवाह गरी प्रदेश सरकारको महत्वाकांक्षी योजनाको सफल कार्यान्वयनको आफूहरू प्रतिबद्ध रहेको धारणा राख्नुभयो । सो अवसरमा सचिव पंगेनी, निर्देशक खरेल र पोखरा कार्यालयका उप-निर्देशक प्रतिभा अधिकारीले सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा उप-निर्देशक अधिकारीले कार्यविधिमा भएका व्यवस्थाबारे जानकारी दिँदै व्यवसाय जीवन रक्षा कर्जाको अनुगमनमा भेटिएका कैफियतबारे चर्चा गर्नुभयो । कार्यालयका सहायक निर्देशक यशोधा पोखरेलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७८ फागुन महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रमहरू सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले भर्चुअल माध्यममार्फत फागुन १-३ मा 'Payment and Settlement Systems in Nepalese Context' विषयक तालिम सञ्चालन गऱ्यो ।



उक्त तालिममा बैंकका विभाग/कार्यालयका ३५ र नेपाल क्लियरिङ हाउस लिमिटेडका तीन गरी ३८ कर्मचारीको सहभागिता थियो । नौ वटा सेसनमा सञ्चालित उक्त तालिममा भुक्तानी प्रणालीको क्षेत्र र चुनौती, प्रचलित कानुनी र नियमाकीय व्यवस्था, प्रणालीको सञ्चालन, साईबर सुरक्षा, विद्युतीय चेक क्लियरिङ र अन्तरबैंक भुक्तानीको अभ्यास तथा वित्तीय बजारको पूर्वाधारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले फागुन ८ देखि ११ गतेसम्म काठमाडौंमा 'Organizational Behaviour' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । ११ वटा सेसनमा सञ्चालित उक्त तालिममा २९ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा तनाव व्यवस्थापन, सामाजिक व्यवहार, सङ्गठनमा नैतिक आचरण, स्वःउत्प्रेरणा, संवेगका विविध पक्ष, सम्बन्धका आयामलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

केन्द्रले फागुन २२ देखि २७ गतेसम्म नेपालगञ्जमा सहायकस्तरीय 'Central Banking' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा नेपालको केन्द्रीय बैंकिङ प्रणाली, मुद्रा व्यवस्थापन, बैंकिङ कारोबार, सरकारी लेखासम्बन्धी कारोबार, योजना/बजेट र खर्च प्रणाली, समष्टिगत आर्थिक स्थायित्व, विदेशी विनिमय व्यवस्थापन र बाह्य क्षेत्र स्थायित्व, वित्तीय क्षेत्र स्थायित्व, नेपालमा लघुवित्तको अभ्यास, भुक्तानी र फछ्र्योट प्रणाली, जनशक्ति व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

# सिराहाको लहानमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

जनकपुर कार्यालयले फागुन २९ गते सिराहाको लहानमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक नीरा ताल्चाभडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा सिराहा जिल्लास्थित बैंक तथा वित्तीय संस्था, लहान नगरपालिका, मालपोत कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन सडक कार्यालय, जलस्रोत तथा भूमि सिँचाई कार्यालय, उद्योगी/व्यवसायी आबद्ध सङ्गठन, प्याब्सन, एन-प्याब्सनलगायतका संस्थाका प्रतिनिधि गरी ४७ जनाको सहभागिता थियो ।



सो अवसरमा जनकपुर कार्यालयका उप-निर्देशक अशोककुमार राईले आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्कका समस्यामा केन्द्रित रहेर वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उप-निर्देशक राईले तथ्याङ्कसम्बन्धी कानुनी व्यवस्था, तथ्याङ्क उपलब्ध गराउने निकाय, तथ्याङ्कको महत्व, तथ्याङ्क सङ्कलनका समस्या, बैंकिङ विकास तथा अनुसन्धान इकाईले तयार पार्ने प्रतिवेदन र मधेश प्रदेशको महत्वपूर्ण आर्थिक परिसूचकबारे जानकारी दिनुभयो । कार्यक्रममा निर्देशक ताल्चाभडेलले प्रतिवेदन तयारीका निम्ति समयमै तथ्याङ्क उपलब्ध गराउन सम्बद्ध निकायलाई अनुरोध गर्नुभयो । निर्देशक ताल्चाभडेल र उप-निर्देशक राईले सहभागीबाट उठेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

जनकपुर कार्यालयका प्रधान सहायक गोपालबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक लाइमहाङ लिम्बुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ताप्लेजुङ्गको फुङलिङमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

विराटनगर कार्यालयले फागुन २१ गते ताप्लेजुङको फुङलिङमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

विराटनगरका निर्देशक मीना पाण्डेको सभापतित्व र फुङलिङ नगरपालिका वडा नं. २ का अध्यक्ष मोहन न्यौपानेको प्रमुख आतिथ्यमा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा ताप्लेजुङ जिल्लास्थित बैंक तथा वित्तीय संस्था, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, होटल एसोसिएसन, जिल्ला सहकारी संघलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।



कार्यक्रममा विराटनगर कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा वडा अध्यक्ष न्यौपानेले राष्ट्र बैंकबाट प्रकाशन हुने एकीकृत तथ्याङ्कले स्थानीय तहको नीति निर्माणमा समेत सहयोग पुग्ने धारणा राख्नुभयो । कार्यक्रममा सहभागीले व्यवस्थित रूपमा तथ्याङ्कको प्राप्ति, प्रशोधन र भण्डारणमा भएका समस्याको बारेमा आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा निर्देशक पाण्डेले समापन मन्तव्य राख्दै गुणस्तरीय तथ्याङ्कको आवश्यकताकाबारे धारणा राख्नुभयो । सो अवसरमा सहायक निर्देशक निर्जल घिमिरेले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक वेदनिधि घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# कृषिमार्फत आर्थिक विकास: आजको आवश्यकता



आदित्य पोखेल
सहायक निर्देशक

मुलुकको कुल जनसंख्यामध्ये करिब ६० प्रतिशत जनसंख्या कृषिमा निर्भर छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादन (रु.४,२६६ अर्ब) मध्ये कृषि क्षेत्रले करिब २५.८ प्रतिशत हिस्सा ओगटेको छ । नेपाल सरकारले कृषि क्षेत्रलाई रोजगारीको सिर्जना र आर्थिक तथा सामाजिक रूपान्तरणको प्रमुख आधार माने तापनि कृषि क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन । कृषकसँग कृषियोग्य जमिनको अभाव, मल तथा बीउको अभाव र सोको मूल्यवृद्धि, उचित संस्थागत समर्थनको कमी, कृषि क्षेत्रमा बढ्दो बिचौलिया प्रवृत्ति र कृषि उपजको मूल्य निर्धारणका निम्ति जारी गरिएको न्यूनतम समर्थन मूल्यको न्यून प्रभावकारिताका कारण कृषि क्षेत्र आकर्षणको केन्द्र बन्ने कुरामा आशङ्का उत्पन्न भएको छ ।

### नीतिगत व्यवस्था र वर्तमान स्थिति

कृषि क्षेत्रको व्यावसायीकरणमा जोड दिइए तापनि मुलुकको अधिकांश जनसंख्या कृषि क्षेत्रबाट पलायन हुँदै गएको आँकलन छ। हाल सरकारबाट कृषि क्षेत्रको आधुनिकीकरण र कृषि प्रविधि विकासका निमित्त विभिन्न परियोजना लागू गरिएका छन् । यसमा मुख्य रूपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, उन्नत बीउबीजन कार्यक्रम र चक्लाबन्दी खेती कार्यक्रम छन् । कृषि आधुनिकीकरण परियोजनाभित्र कृषियोग्य क्षेत्र, विभिन्न जोन र सुपरजोनमा विभाजित रहेका छन् । कष्टम हायरिङ सेन्टरको स्थापनासँगै कृषि कर्ममा लाग्ने कुल लागतको न्यूनीकरण, श्रमिकको अभाव पूर्ति एवम् युवाहरुलाई कृषि पेसातर्फ उन्मुख गराउन उक्त परियोजना केन्द्रित रहेको देखिन्छ । यस प्रणालीबाट सिँचाइ सुविधासमेत विभिन्न कृषियोग्य भूमिमा पुग्ने दावी गरिएको छ। यसका साथै, मत्स्यपालनका निम्ति मत्स्यपोखरी निर्माण, रोगमुक्त विरुवा उत्पादनको लागि हाइटेक फलफूल नर्सरी एवम् सेमी हाइटेक ग्रीन हाउसको निर्माण, कृषिमा स्नातक विद्यार्थीलाई व्यावहारिक ज्ञान प्रदान गर्नका लागि इन्टर्नशीपको व्यवस्थासमेत परियोजनाअन्तर्गत नै पर्दछन् ।

यसका अतिरिक्त बीउ हाइब्रिडाइजेसनका निम्ति उन्नत बीउबीजन कार्यक्रमसमेत लागू गरिएको देखिन्छ। चक्लाबन्दी खेतीतर्फ भूमिलाई चक्लाबन्दी गरेर करार एवम् व्यावसायिक खेती, सहकारी खेती र सामूहिक खेती गर्न प्रोत्साहन गरिएको छ । साथै, कृषि बीमा, पशुपन्छी तथा बाली बीमा, उखु कृषकलाई कृषि अनुदान आदि कार्यक्रम समेत लागू गरिँदैछन् । अर्कोतर्फ राष्ट्रिय कृषि-वन नीति, २०७६ ले समेत खाली एवम् बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र तथा अन्य सीमान्तकृत भूमिको उपभोग गर्न तथा कृषि, पशुपालन र वन विकाससम्बन्धी कार्यलाई एकीकृत ढङ्गले सञ्चालन गरेर जमिनको उत्पादकत्वमा वृद्धि गरी खाद्यान्न सुरक्षा, रोजगारी, जीविकोपार्जनका अवसरको सिर्जना, जैविक विविधता र भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावको न्यूनीकरण एवम् अनुकूलनमा सकारात्मक योगदान राख्ने अठोट लिएको छ । यसका साथै कृषि-वनमा लगानीका अवसर जुटाई व्यावसायीकरणमार्फत अर्थतन्त्रमा योगदान दिनसमेत यस नीतिको मूलभूत उद्देश्य रहेको देखिन्छ ।

नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रलाई प्रवर्द्धन गर्ने हेतुले बैंक तथा वित्तीय संस्थालाई अनिवार्य रूपमा कृषि क्षेत्रमा कृषि कर्जा प्रवाह गर्नका निमित्त प्रेरणा दिँदै आएको छ । यसैअनुरूप नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'क' वर्गका बैंक तथा वित्तीय संस्थालाई 'एकीकृत निर्देशन, २०७८' मार्फत आफ्नो कुल कर्जा सापटको २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कर्जा प्रवाह गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै, 'ख' वर्गका बैंक तथा वित्तीय संस्थालाई कृषि तथा अन्य क्षेत्रमा आफ्नो कुल कर्जा सापटको २०७९ असार मसान्तसम्म १७ प्रतिशत, २०७९ असार मसान्तसम्म १९ प्रतिशत र २०८१ असार मसान्तसम्म २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था उक्त निर्देशनमा उल्लेख छ। साथसाथै 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जा सापटको कृषि तथा अन्य क्षेत्रमा २०७९ असार मसान्तसम्म १२ प्रतिशत, २०८० असार मसान्तसम्म १४ प्रतिशत र २०८१ असार मसान्तसम्म १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका अतिरिक्त 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५' मा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाका निम्ति रु.पाँच करोडसम्मको कर्जा दिइने र सो कर्जामा पाँच प्रतिशतसम्म ब्याज अनुदान दिइने उल्लेख छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार चालु आ.व. २०७८/७९ को पुस मसान्तसम्म ५७,६२६ ऋणीलाई रु.एक खर्ब ५८ अर्बबराबरको सहुलियतपूर्ण व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा स्वीकृत भएको छ । गत २०७७/७८ पुस मसान्तको तुलनामा चालु सो अवधिमा ऋणीको संख्यामा ७० प्रतिशतले वृद्धि भएको छ भने स्वीकृत कर्जामा ७६ प्रतिशतको वृद्धि देखिएको छ । सहुलियत दरमा प्रदान गरिने कर्जाले कृषकको मनोबल वृद्धि भई कृषि क्षेत्रमा उत्पादनसमेत बढ्ने सम्भावना रहने भएकोले यस किसिमका कर्जा कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नका लागि कोसे ढुङ्गा सावित भएका छन् ।

विशेषत: कृषि क्षेत्रको कुल उत्पादनमा खाद्यान्न बालीको अंश ४५ प्रतिशत रहेको छ भने आ.व. २०७८/७९ मा तरकारी बाली १७.२ प्रतिशत, नगदे बाली १४.७ प्रतिशत, औद्योगिक बाली १३.७ प्रतिशत र अन्य बालीहरू ९.४ प्रतिशत रहने अनुमान गरिएको

छ । कोभिड-१९ को प्रकोपका कारण चालु आ.व.मा ऊखु उत्पादनमा २९ प्रतिशतले ह्रास आउने देखिन्छ। साथै चियाको उत्पादन बढ्ने देखिएको छ। चालु आ.व.मा धानको उत्पादन मेट्रिक टन प्रतिहेक्टरमा ३.८२ प्रतिशतले वृद्धि हुने देखिएको छ। गत आ.व.मा धानको उत्पादन मेट्रिक टनप्रति हेक्टरमा ३.८० प्रतिशत रहेको थियो । यसका साथै मसला बाली, सिँचाइ सुविधा आदि गत आ.व.भन्दा चालु आ.व.मा वृद्धि हुने देखिन्छ। साथै, दूधको उत्पादन, बीउ उत्पादन, माछा र मासुको उत्पादन भने यस आ.व.मा सङ्कुचन हुने देखिएको छ। बङ्गलादेशबाट ५० हजार मेट्रिक टन मलखाद ल्याइने भनिएकोमा १८ हजार मेट्रिक टन मलखाद भित्रिएको छ। यसका साथै साना किसान विकास कार्यक्रमअन्तर्गत आ.व. २०७७/७८ मा कृषि लगानी ५.२ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसका अतिरिक्त सामुदायिक वन उपभोक्ता समूहसमेत १.२ प्रतिशतले (गत आ.व.को तुलनामा) वृद्धि भएको देखिन्छ। साथै कृषि अनुसन्धानअन्तर्गत पशुको नश्ल सुधारका निम्ति कृत्रिम गर्भाधारण जस्ता प्रविधिको समेत विकास भएको देखिन्छ। यद्यपि, चालु आ.व. को छ महिनाको तथ्याङ्कलाई केलाउँदा चामल/धानको आयात (गत आ.व. २०७७/७८ को सोही समयभन्दा) ७.२८ प्रतिशतले वृद्धि भएको देखिन्छ भने तरकारीजन्य खाद्य सामान गत आ.व. भन्दा चालु आ.व. मा (छ महिनासम्म) करिब ३०.१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

## अबको बाटो

कृषि क्षेत्रको समष्टिगत आर्थिक स्थितिलाई मनन गरेपश्चात वर्तमान स्थिति र समस्या समाधानका उपायहरु अवलम्बन गर्न अपरिहार्य रहेको देखिन्छ । कृषि क्षेत्रलाई निर्यातमुखी बनाउन गाउँ, टोल र स्थानीय तहबाट नै अग्रसर देखिनु आवश्यक छ । आफ्नो घरसँगै जोडिएको खाली जग्गा बाँझो छोड्नु हुँदैन । आफ्ना करेसाबारीमा सामान्य सब्जी (जस्तै; धनियाँ, खुर्सानी, टमाटर, साग, मौसमी तरकारी, लसुन, प्याज, आदि) उब्जाउन सकिन्छ । करेसाबारी नभएकाले आफ्नो घरको कौसीमा सामान्य कौसी खेतीसमेत गर्न सकिन्छ । 'एक गाउँ, एक वस्तु' भन्ने नारा कृषि क्षेत्रमा पनि साभार गर्न सकिन्छ । तथ्याङ्कले देखाएअनुसार मुलुकमा वर्षेनी छ लाख मेट्रिक टन केराको माग हुने गरेको पाइन्छ र हाल मुलुकमा १० लाख मेट्रिक टन केराको उत्पादन भइरहेको छ । केरा उत्पादन योग्य जमिनमा केरा उत्पादन गर्ने हो भने केरामा मुलुक आत्मनिर्भर हुन सक्छ । यस्तो दृष्टान्त अन्य फलफूल वा कृषिजन्य उत्पादनमा समेत लागू हुन्छ। यसको अतिरिक्त सरकारबाट उपलब्ध हुने बीउ सम्पूर्ण जमिनको प्रकृतिमा उत्पादन हुने किसिमले उपलब्ध गराइनुपर्ने देखिन्छ। कृषि विशेषज्ञहरूका अनुसार करिब २० प्रतिशत कृषियोग्य जमिनमा मात्र बीउले उत्पादन गरेको पाइएको छ । यसका साथै कृषकको हित संरक्षणका निमित्त कृषकमैत्री नीतिको अपरिहार्यता रहेको छ । कृषकलाई सामुदायिक र स्थानीयस्तरबाट कृषि शिक्षा प्रदान गर्ने, कृषकसँग सरकारले घरदैलो कार्यक्रम सञ्चालन गरेर कृषि शिक्षा, बाली तथा सिँचाइको सहजता र कठिनाइको बारेमा सोधपुछ गर्ने, करेसाबारी वा खेतीयोग्य जमिनको माटो परीक्षण गर्ने जस्ता अन्य कार्यहरु यथाशीघ्र गरिनु आवश्यक देखिएको छ । यसका साथै सरकारबाट प्रदान हुने कृषि अनुदान पहुँचवालालाई भन्दा पनि वास्तविक कृषकलाई प्रदान गरिनुपर्छ। यस्ता कार्यसम्पादन गर्नका निम्ति कृषकको विस्तृत तथ्याङ्क राखिनुपर्छ। साथै, कृषि कर्जा सहुलियत दरमा मात्रै प्रदान गरिने नभएर बैंक तथा वित्तीय संस्थाले स्थानीय सरकारसँग सहकार्य गरेर वास्तविक कृषि कर्जा अपरिहार्य भएको कृषक पहिचान गरिनु आवश्यक देखिन्छ।

बजारको उचित व्यवस्थापन गर्नका निम्ति बिचौलिया प्रवृत्ति नियन्त्रण गर्न आवश्यक छ । 'कृषकसँग सरकार' नामक अभियान सञ्चालन गरी सरकारद्वारा कृषि उपभोग्य वस्तु सोझै उचित मूल्यमा किसानसँग खरिद गर्ने आवश्यक प्रबन्ध मिलाउन आवश्यक छ। साथै, भूमिसुधारसम्बन्धी कानुनमा समेत संशोधन हुनुपर्ने आवश्यकता देखिएको छ । वनक्षेत्र र कृषियोग्य जमिनमा हुने अनावश्यक जग्गा प्लटिङ रोक्न सरकारद्वारा ठोस कदम चालिनुपर्छ। यसको अतिरिक्त विश्वविद्यालयमा पठनपाठन हुने कृषि विज्ञानलाई व्यावहारिक बनाइनुपर्ने आवश्यकता देखिएको छ । विद्यार्थीलाई कृषि अन्वेषण गर्न अभिप्रेरित गरी यसका लागि विश्वविद्यालयद्वारा छुट्टै बजेट छुट्याउनुपर्ने आवश्यकता देखिन्छ । साथै, मल अभावलाई पहिचान गरी घरेलु प्राङ्गारिक मल उत्पादनमा जोड दिन आवश्यक छ । घरका कुहिने फोहोरलाई एकत्रित गरी यस्तो मल उत्पादन गर्न सकिन्छ । त्यस्तो प्राङ्गारिक मल सरकारले घरदैलोमै पुगेर खरिद गरिदिने व्यवस्था अवलम्बन गर्नुपर्ने देखिन्छ । समग्रमा हेर्दा कृषि क्षेत्रबाट प्रचुर आर्थिक विकास गर्नका लागि 'मेरो देश, मेरो माटो, मेरो उत्पादन' भन्ने भावना जगाउनुपर्ने टड्कारो आवश्यकता उत्तिकै देखिएको छ।

## सन्दर्भ सामग्री

१. आर्थिक सर्वेक्षण, २०७७/७८, अर्थ मन्त्रालय
२. देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आ.व. २०७८/७९ को छ महिनाको तथ्याङ्कमा), नेपाल राष्ट्र बैंक
३. राष्ट्रिय कृषि वन नीति, २०७६

## अवकाश

उप-निर्देशक (कम्प्युटर) हरू पोखरा कार्यालयका शालिकराम गौडेल रेग्मी, लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभागका देवेशमान जोशी, गभर्नरको कार्यालयका गणेशमान महर्जन र विदेशी विनिमय व्यवस्थापन विभागका केशरमान महर्जन अवकाश हुनुभयो। उहाँहरूमध्ये रेग्मीले फागुन १ र अन्यले फागुन १२ गतेदेखि अवकाश पाउनुभएको हो । उहाँहरूले ३० वर्षे सेवा अवधिको आधारमा अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ।

# खोटाङको खार्पामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

खाम्तेल विकास मञ्चले फागुन २२ गते खोटाङको रावाबेसी गाउँपालिका, खार्पामा 'वित्तीय चेतना अभिवृद्धि कार्यक्रम' आयोजना गऱ्यो । गभर्नरको कार्यालयसँगको समन्वयमा मञ्चले उक्त कार्यक्रम आयोजना गरेको हो ।

रावाबेसी गाउँपालिकाका अध्यक्ष लीलानाथ निरौलाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सर्वसाधारण गरी १७० जनाको सहभागिता थियो । कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय साक्षरताको महत्व, यसको आवश्यकता, उद्यमशीलता प्रवर्द्धनमा वित्तीय सेवाको महत्व, बचत र कर्जाका विविध पक्ष, विप्रेषण, बीमा, डेबिट/क्रेडिट कार्ड, डिजिटल बैंकिङ, सफा नोट नीतिबारे जानकारी गराउनुभयो ।



सो अवसरमा अध्यक्ष निरौलाले वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको आवश्यकताबारे चर्चा गर्दै उद्यमशीलता प्रवर्द्धनमा वित्तीय साक्षरताको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । गभर्नरको कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, डिजिटल वालेट, क्यूआर कोडलगायत विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारका विविध पक्षबारे जानकारी दिनुभयो ।

शारदा मावि, व्यवस्थापन समितिका अध्यक्ष मुरारि पोखरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रधानाध्यापक गोपाल बस्नेतले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# धादिङमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम




गभर्नरको कार्यालयले फागुन २९ गते धादिङको धुनिबेसी-९ स्थित डिल्ली सावित्री माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो ।

धुनिवेशी-९ का वडा अध्यक्ष साहिला राईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कक्षा ९ र १० का ६२ जना विद्यार्थीहरूको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका उप-निर्देशक टीकाराम खतिवडाले वित्तीय साक्षरताको परिचय र आवश्यकता, वित्तीय प्रणालीको संरचना, खाता खोल्ने प्रक्रिया, आय, बचत, लगानी, कर्जाका विविध पक्षबारे जानकारी दिनुभयो । साथै उहाँले विप्रेषण आप्रवाह, सफा नोट नीति, बीमा, डिजिटल बैंकिङको विषयमा समेत चर्चा गर्नुभयो । कार्यक्रममा वित्तीय चेतना अभिवृद्धिसम्बन्धी श्रव्यदृष्य सामग्रीसमेत प्रस्तुत गरिएको थियो ।

सो अवसरमा वडा अध्यक्ष राईले उक्त कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिँदै धुनिवेशी नगरपालिकाले बचत प्रोत्साहनको निम्ति नगरबासीलाई प्रेरित गरिरहेको जानकारी दिनुभयो । विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामराजा पाण्डे, समितिका सदस्य लक्ष्मण खड्गीले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्नुभयो ।

आर्थिक अनुसन्धान विभागका प्रधान सहायक एवम् विद्यालयका पूर्व शिक्षक बासु रिजालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

# बढुवा/पदस्थापन

सूचना प्रविधि विभागका तीन जना उप-निर्देशकहरू अधिकृत प्रथम (निर्देशक) पदमा बढुवा हुनुभएको छ । यसरी बढुवा हुनेमा सौरभदास मानन्धर, कृष्णराम धुंजु र तरुणकुमार झा हुनुहुन्छ । उहाँहरूको क्रमशः सूचना प्रविधि विभाग, भुक्तानी प्रणाली विभाग र गैर-बैंक वित्तीय संस्था विभागमा पदस्थापन भएको छ । सूचना प्रविधितर्फ नै चार जना सहायक निर्देशकहरू अधिकृत द्वितीय (उप-निर्देशक) पदमा बढुवा हुनुभएको छ । योगेन्द्रसिंह थापा, रामनाथ पण्डित, फूलचनप्रसाद साह र सागरमायालु जोशीको बढुवा भएको हो । थापाको जनशक्ति व्यवस्थापन विभाग तथा पण्डित, साह र जोशीको सूचना प्रविधि विभागमा पदस्थापन भएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

# सरुवा/पदस्थापन

फागुन ३ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयमा कार्यरत सहायकस्तरका ६१ जना कर्मचारीको सरुवा तथा पदस्थापन भएको छ ।

जसअनुसार, प्रधान सहायकतर्फ आन्तरिक लेखापरीक्षण विभागका गोपाल महर्जन मुद्रा व्यवस्थापन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका सुनिता कार्की गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंकिङ विभागका नमबहादुर नेपाली विदेशी विनिमय व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभागका कमला अर्याल आन्तरिक लेखापरीक्षण विभाग, आर्थिक अनुसन्धान विभागका रूपकमल नेपाली वित्त व्यवस्थापन विभाग, आन्तरिक लेखापरीक्षण विभागका सानोकाजी महर्जन सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बैंकिङ विभागका उज्वल ढुङ्गाना विराटनगर कार्यालय (कामकाज), बैंकर्स प्रशिक्षण केन्द्रका उर्मिला सापकोटा मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभागका रमेश ढकाल संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका सीता चौलागाई बैंकिङ विभाग, बैंकिङ विभागका प्रदीपकुमार पाठक, बासु रिजाल, चेतना नेपाल र वेदनिधि सापकोटा क्रमशः विदेशी विनिमय व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग र बैंकर्स प्रशिक्षण केन्द्र र बैंक तथा वित्तीय संस्था नियमन विभागका स्मृती बराल वित्त व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, सहायकतर्फ मुद्रा व्यवस्थापन विभागका राजप्रकाश आचार्य र आशाकाजी व्यञ्जनकार टक्सार महाशाखा, बैंक सुपरिवेक्षण विभागका सन्तोष अधिकारी बैंकिङ विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका ईश्वर गिरी वित्त व्यवस्थापन विभाग, बैंकिङ विभागका लक्ष्मीबहादुर रजक र भक्तबहादुर थापा मुद्रा व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभागका शिवकुमार शिवाकोटी र प्रकाश अधिकारी तथा विदेशी विनिमय व्यवस्थापन विभागका सजिना सुवेदी बैंकिङ विभाग, बैंक सुपरिवेक्षण विभागका अर्जुनकुमार श्रेष्ठ वित्त व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभागका देवी भण्डारी जनशक्ति व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका सन्तोष पौडेल मुद्रा व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका सुष्मा श्रेष्ठ वित्त व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका सङ्गीता पुडासैनी विदेशी विनिमय व्यवस्थापन विभाग, बैंकर्स प्रशिक्षण केन्द्रका एलिना दाहाल बैंकिङ विभाग, आन्तरिक लेखापरीक्षण विभागका अमित शाक्य मौद्रिक व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका उज्वल घिमिरे बैंकर्स प्रशिक्षण केन्द्र, वित्त व्यवस्थापन विभागका दीपा पोखरेल सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र सिद्धार्थनगर कार्यालयका जीवन विक नेपालगञ्ज कार्यालयमा सरुवा हुनुभएको छ ।

सोही दिनको निर्णयबाट हालै प्रधान सहायक पदमा बढुवा हुनुभएका २४ जना कर्मचारीको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ । जसअनुसार सोराज डङ्गोल, टङ्कप्रसाद वाग्ले, दीपकप्रसाद सेढाई, सरोज खनाल, रीता ढोडारी र युगेश नकर्मी बैंकिङ विभाग, हरिकृष्ण भट्टराई वित्तीय संस्था सुपरिवेक्षण विभाग, राजन पुडासैनी गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, श्यामप्रसाद खतिवडा र जयराज कोइराला मुद्रा व्यवस्थापन विभाग, मधु पुडासैनी सूचना प्रविधि विभाग, लीलाबहादुर निरौला सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, सुशीलकुमार देव, सुमन मैनाली, सुरेश रेग्मी, सुजनकुमार विश्वकर्मा, सुरेन्द्र पञ्जियार, पासाङ तामाङ, पूर्णबहादुर कार्की र सुशीला थापा विराटनगर कार्यालय (कामकाज), श्रीलाल कार्की आन्तरिक लेखापरीक्षण विभाग, विष्णुप्रसाद रिमाल कानुन महाशाखा, दामोदर सापकोटा लघुवित्त संस्था सुपरिवेक्षण विभाग र आशा थापा लुङ्गेली मगर मौद्रिक व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ ।

साथै, सहायक पदमा बढुवा हुनुभएका जागेश्वर साह, उदयशङ्कर शर्मा र हरिबहादुर थिङलाई क्रमशः जनकपुर कार्यालय, वीरगञ्ज कार्यालय र बैंकिङ विभागमा पदस्थापन गरिएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

यसैबीच, फागुन २३ को निर्णयअनुसार सहायक (सू.प्र.) तर्फ पोखरा कार्यालयका सुमित घिमिरे, नेपालगञ्ज कार्यालयका शुभचन्द्र राई र धनगढी कार्यालयका देवेन्द्र गहतराजको सूचना प्रविधि विभागमा सरुवा भएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार